म.प.बै.सं. १।०८१

## संवत् २०८१ साल वैशाख ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।१२।११ को निर्णयानुसार प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत नवौं तह, उपसचिव पदमा स्थायी नियुक्ति भएका कर्मचारीहरुलाई पदस्थापन गर्ने ।

२. मधेश प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भई आएका, खरिद भएका वा अन्य कुनै तरिकाले प्रदेश सरकार मातहत आएका सवारी साधनहरुको प्रयोग कुन कुन मन्त्रालय वा अन्तर्गतका कसले प्रयोग गरेको छ सो समेत खुल्ने गरी विस्तृत विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने र सोको व्यवस्थापन श्रम तथा यातायात मन्त्रालयले गर्ने व्यवस्था मिलाउने।

३. मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० को अनुसूची २ मा मन्त्रालयको कार्य विभाजन अन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य विभाजनको बुँदा नं. २९ पछि देहायको बुँदा नं. ३० थप गर्ने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

   ३०. हरवाचरवा सम्बन्धी विषय

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

म.प.बै.सं. २।०८१

**संवत् २०८१ साल वैशाख २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को अनुसूचीहरुमा थप गर्ने।

२. गृह, सञ्चार तथा कानून मन्त्रालयः मधेश प्रदेश विज्ञापन (नियमन गर्ने) विधेयक, २०८१ को मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

म.प.बै.सं. ३।०८१

**संवत् २०८१ साल वैशाख ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सभाको चालु दोस्रो अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. गृह, सञ्चार तथा कानुन मन्त्रालयः मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

३. गृह, सञ्चार तथा कानुन मन्त्रालयः प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम छनौट मापदण्ड, २०८० को दफा ४ बमोजिम छनौट भएका ६४ सडक कार्यक्रमको दफा ५(२) बमोजिम आ.ब. २०८१।०८२ देखि बहुवर्षिय रुपमा संचालन गर्न आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ र ९ बमोजिम बजेट व्यवस्थापन गर्न मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।